# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्चरे,सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं.:-२०८३/८४
च.नं. :-

मितिः-२०८३।४।१२
ने.सं. ११४६, दिल्लाथ्व १४, मङ्गलबार

### औषधि उपचार वापतको रकम प्राप्तिको लागि नवीकरण गर्ने सम्वन्धि सूचना।

प्रस्तुत विषयमा नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको स्वीकृत कार्यविधि २०७८ तथा स्थानीय तहवाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्वन्धी मार्गदर्शन बमोजिम मृगौला प्रत्यारोपण गरेका, डाईलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधि उपचार बापत मासिक ५,०००।– का दरले यस नगरपालिकाबाट यातायात खर्च प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको भाद्र मसान्त भित्र नवीकरण गर्नुपर्ने नियमानुसार सम्बन्धित वडा कार्यालयबाट नै नवीकरण गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।साथै नवीकरण नभएका लाभग्राहिहरुलाई यस सेवाबाट रकम उपलब्ध गराउन नसकिने हुँदा तोकिएको समयमै आवश्यक कागजपत्र सहित नवीकरण गराउन हुन सम्वन्धित सबैमा अनुरोध छ।

*नवीकरणको लागि आवश्यक कागजातहरु:-*

१. चिकित्सकको प्रमाणित अनुसूचि –१ (उपचाररत अस्पतालबाट चिकित्सकलाई प्रमाणित गराई उपलब्ध गराउने)
२. अनुसूचि- २ वडा कार्यालयमा पेस गर्ने (वडा कार्यालयबाट प्राप्त गर्न सकिने)
३. नागरिकता / जन्मदर्ताको प्रतिलिपि
४. नियमित डाईलाइसिस गरिरहेका ब्यक्तिको हकमा डाईलाइसिस सेवा लिईरहेको वा अस्पतालको प्रमाणित कागज र क्यान्सर रोगी बिरामीको हकमा नियमित केमोथेरापी (**Chemotherapy**) वा औषधि सेवन गरिरहेको वा ३-३ महिनाको फलोअप (**Followup**) को प्रमाणित कागजात पनि यसै साथ संलग्न राख्नु पर्नेछ।
५. सम्वन्धित वडा कार्यालयको सिफारिस
६. नवीकरण पाउँ भनि निवेदन।

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

*बोधार्थः-*

१. श्री वडा कार्यालय सवैः- आवश्यक सहयोग,सहजीकरण तथा सूचना प्रबाह गरिदिनु हुन।
२. श्री सूचना प्रविधि शाखाः- वेबसाईट तथा फेसबुक पेजमा अपलोड गरि सूचना प्रबाह गरिदिनु हुन।